# आदर्शवादमा : रामायणका पात्रहरूका मनोरचना

कैलाशकुमार राई, पिएचडी

नेपाली शिक्षा विभाग, त्रियुगा जनता बहुमुखी क्याम्पस

**शोध सार**

प्रस्तुत रामायण मूलतः वाल्मीकि कृत कृति हो । यस कृतिमा आदर्शवादको युगीन नैतिक आध्यात्मिकता वर्णन गरिएको छ । प्रस्तुत लेखमा रामायण वर्णित आदर्शवादी अध्यात्मवादी दर्शनले ल्याएको सामाजिक परिवर्तन पर्गेल्ने प्रयत्न गरिएको छ । लेखका सामाग्रीका रूपमा विभिन्न विद्वानहरूका प्रकाशित कृतिहरू उपयोग गरिएका छन् । ती कृतिहरूबाट सङ्कलित सामाग्रीहरूलाई वर्णात्मक शैलीमा विश्लेषण गरिएका छन् । नेपाली समाजमा रामायणव्दारा प्रशिक्षित अध्यात्मवादी शिक्षाले सामाजिक, सांस्कृतिक क्षेत्रमा ल्याएको परिवर्तन र त्यसले पारेको प्रभावको समीचीन मूल्याङ्कन गरिएको छ । यसका पात्रहरूको वेदना र विषादको भोगाइबाट वर्तमानका प्रविधि समृद्ध नेपालीहरूलाई आत्मिक शान्ति र कर्तव्य परायणताको शिक्षा प्रदान गरेको पाइन्छ । रामायणको मूल शिक्षा राज्य साम, दाम, दण्ड र भेदका नीतिले सञ्चालन हुन्छ । त्यहाँ राज्यभन्दा श्रेष्ठ कुनै वस्तु रहेको छैन । वंशज, ऐश, ऐश्वर्य राज्यको अगाडि त्रृण झैँ हुन्छ भनी वर्णन गरिएको पाइन्छ । तथापि मानव सभ्यता, समृद्धि र शान्तिका दृष्टिले आदर्शवादबाट कल्पना प्राप्त सुख क्षणिक, नाशक र विभ्रम मात्र हो । यसका विषादको चरम स्थिति रहेको छ भन्ने सन्देश पनि पाइन्छ । रामायणबाट सम्पूर्ण पात्रहरू विषादका सागरमा दुखान्तक जीवन भोगेका छन् ।

*शब्द कुञ्चिका :* आदर्शवाद, अध्यात्मवाद, पूर्वीय आदर्शवाद, अन्ध राष्ट्रवाद

## पृष्ठभूमि

आदर्श+वाद दुई भाषिक रूपको योगबाट आदर्शवाद शब्द व्युत्पत्ति भएको छ । यसको अर्थ जे छ त्यसलाई भन्नु र आदर्शलाई सर्वोपरि वा निर्विकल्प मानेर त्यसको प्राप्तिमा लाग्नु वाद हो । यस आधारमा जसको रूप, गुण, चरित्र तथा विचार अनुकरणीय रहेको छ, त्यसलाई सर्वोपरि ठानेर स्वीकार गर्नु आदर्शवाद हो (जोशी, २०५५, पृ. ६१) । आदर्शलाई यथार्थ विपरित कल्पना वा विचारमा मात्र आश्रित तत्वका रूपमा पनि लिइन्छ । सामाजिक परिवेशमा जे जस्तो छ त्यो यथार्थ हो भने यस्तो हुनुपर्छ भन्ने आग्रह आदर्श हो । यसलाई स्थापित गर्ने सिद्धान्तलाई आदर्शवाद भनिन्छ ।

सामाजिक चेतनाका आधारमा इतिहासमा प्रगतिशील आदर्श र प्रतिक्रियावादी आदर्श रहेका छन् । प्रगतिशील आदर्श सामाजिक विकासको वस्तुगत प्रवृत्तिसँग समरूप हुन्छ । यो क्रान्तिकारी विचारको आधार भूमि हो । प्रतिक्रियावादी आदर्शले विशेषतः उच्च वर्गको स्रोत, साधन र श्रम आदि माथि आधिपत्य कायम हुने विचारको प्रतिविम्वित गर्दछ । यो सामाजिक वर्गको हित विरूद्ध हुन्छ । यही कारण यसलाई समतामूलक समाज निर्माणका लागि अव्यवहारिक मानिन्छ (प्रोलव, १९८८, पृ. ६६) ।

आदर्शवादको प्रणेता ग्रीक दार्शनिक प्लेटो (ईपू. ४२७-३४७) हुन् । उनका अनुसार केवल प्रत्यय वा विचार नै सत्य हुन् । सत्यको मूलभूत स्वरूप वा परम् सत्य भनेको वास्तवमा यही प्रत्यय वा विचार नै हो । यो वस्तुजगत् यही विचारको प्रतिविम्ब वा अनुकरण मात्र हो । यस आदर्शवादलाई विकसित र विस्तारित गर्ने काममा लक, वर्गले र ह्युम जस्ता अङ्ग्रेज दार्शनिकहरूले योगदान पुर्‍याए । यसलाई अझ अग्रगति दिने कामचाहिँ जर्मन दार्शनिकहरू कान्ट, फिस्टे, सैलिङ् र हिगेलले गरे (जोशी, २०५५, पृ. ६३) । यी दार्शनिकहरूले पदार्थभन्दा मन/चेतनालाई महत्वपूर्ण स्थान दिएका थिए । यी विद्वानहरूले जीवन र जगतका सार तत्त्व पहिल्याउने सन्दर्भमा चेतनाको सर्वोपरिता स्विकार्दै परंसत्य विचारलाई मानेका छन् ।

आदर्शलाई मूलतः नैतिक र दार्शनिक आधारमा चर्चा गरिएको पाइए पनि यसको विशेष प्रयोगचाहिँ नैतिक आदर्श र त्यसका अनुयायीका सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । नैतिक आदर्शमा व्यक्तिवाद, अहंवाद र स्वार्थमा अन्तर्निहित देखिन्छ । यसले बुर्जुवा वर्गको नैतिक आदर्शको पक्ष पोषण गर्दछ (प्रोलोव, १९८८, पृ. ६९) । वाल्मीकि रामायणमा यही नैतिक दार्शनिक आदर्शलाई राममा आरोप गरेर स्थापना गर्ने प्रयत्न गरिएको छ ।

**साहित्यमा आदर्शवाद**

नैतिक आदर्शवादको प्रतिरूप प्लेटोको रिपब्लिक, वाल्मीकिको रामायण, व्यासको महाभारत, यहुदी र क्रिश्चियनको बाइबलमा पाइएका छन् । मार्क्सको साम्यवाद पनि आर्थिक आदर्शवाद नै हो । पश्चिमका अठारौँ र उन्नाइसौँ शताब्दीका साहित्यमा आदर्शवाद व्यक्त भएको पाइन्छ । युरोपका प्रायः स्वच्छन्दतावादी कविहरू आदर्शवादी थिए । यहाँका स्वच्छन्दतावादको आन्दोलनको प्रेरक सिद्धान्तमा प्रमुख आदर्शवादी दर्शन थियो । तत्कालीन कवि वर्डस्वर्थ र शेलीका कवितामा यस वादको सुन्दर अभिव्यक्ति पाइन्छ । पश्चिमका कवि मिल्टनको प्याराडाइज लस्ट कृतिमा धार्मिक र नैतिक आदर्शवादको अभिव्यक्ति पाइन्छ (जोशी, २०५५,पृ. ९५) । विचार र प्रस्तुतिका आधारमा साहित्यमा आदर्शवादलाई भाव र शिल्पमा विभक्त गरिएको पाइन्छ । भावका आदर्शवाद वाल्मीकि, सेक्सपियर, दाँते, गेटे र टल्सटाय जस्ता कविहरूका कृतिमा पाइन्छ । वाल्मीकिको रामायण र व्यासको महाभारत पूर्वीय साहित्यका आदर्शवादी जीवन दृष्टिको उत्कृष्ट कृति हुन् । वाल्मीकि रामायणका माध्यमबाट आदर्श राज्यको नमुना अयोध्यालाई बनाउने प्रयास भएको पाइन्छ ।

नेपाली साहित्यमा आदर्शवादको प्रभाव र प्रेरणा प्राथमिक कालीन साहित्यमा पाइन्छ । भक्ति कालका साहित्यिक कृतिहरू नैतिक-आध्यात्मिक आदर्शवादबाट प्रभावित छन् । यस कालका उत्कृष्ट

कृति भानुभक्तको रामायण हो । नेपाली माध्यामिक कालीन साहित्य श्रृङ्गारिक रस भावमा केन्द्रित छन् । यसले सामन्त कालीन सामाजिक संरचनाको प्रतिनिधित्व गर्दछ ।

भानुभक्तले राममा आदर्श चरित्र स्थापित गर्न नेपाली भाषालाई माध्यम बनाएर हिमवत्खण्डका नेपाली भूमि चयन गरे । यस आदर्शप्रति भानुभक्तलाई आकर्षित गर्न निरङ्कुश राणा शासनले प्रेरित गरेको हुनुपर्छ किनभने तत्कालीन नेपालको राणा शासनमा आर्थिक शोषण, सामाजिक विकृति, यौन विश्रृङ्खलता र सांस्कृतिक हिंसा चरम स्थितिमा थियो । जङ्गबहादुर राणा तामाङ युवतीहरू तिब्बत बेच्न पठाउथे भने सयौँ युवतीहरू दरबारमा राख्थे । उनका चौवालीस पत्नीहरू थिए । यी सम्पूर्ण विकृति, विसङ्गति, उछृङ्खलता र व्यभिचारका स्थानमा सुन्दर, शान्त, सौम्य र सभ्य नेपालको कामना स्वाभाविक अपेक्षामा पर्थ्यो ।

नेपाली साहित्यका आधुनिक कालका धरणीधर कोइराला, सोमनाथ सिग्द्याल, लक्ष्मीप्रसाद देवकोटाका कविताहरूमा आदर्शवाद व्यक्तिएको पाइन्छ (जोशी, २०५५, पृ. ६६) । नेपाली गद्य परम्परातर्फ नेपाली कथा विधामा गुरूप्रसाद मैनाली, उपन्यास विधामा रूद्रराज पाण्डे आदर्शोन्मुख यथार्थवादी पाइन्छ । नाटक विधामा बालकृष्ण सम, भीमनिधि तिवारी र हृदयचन्द्र प्रधान प्रभृत्तिहरू सामाजिक आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिका छन् ।

## सैद्धान्तिक आधार

आदर्शवाद विशेषतः फिस्टेले नैतिक आदर्शवाद, वर्कलेले आत्मपरक आदर्शवाद, कान्टले आलोचनात्मक, आध्यात्मिक र वस्तुपरक आदर्शवाद, सैलिङले सौन्दर्यपरक आदर्शवाद र हिगेलले द्वन्द्वात्मक आदर्शवाद प्रतिपादन गरेका हुन् । यी आदर्शवादहरू मध्ये नैतिक र दार्शनिक आदर्शवाद विशेष चर्चामा छन् । प्रस्तुत लेख नैतिक र आध्यात्मिक आदर्शवादमा केन्द्रित रहेर वाल्मीकि कृत रामायणका पात्रहरूको मनोरचनालाई प्रकाश पार्ने प्रयास गरिएको छ ।

## समस्या

मूलतः दक्षिण एसियाका राष्ट्रहरू नेपाल र भारत सामाजिक, सांस्कृतिक र धार्मिक रूपमा समान प्रवृत्तिका नागरिकहरू बसोबास गर्दछन् । दुबै राष्ट्रमा हिन्दू धर्म र संस्कृति मूल प्रवाहमा रहेको छ र दुबै देशका आध्यात्मिक धरातल समान रहेको छ । भारतमा रामायणको पठन संस्कृति निकै प्राचीन रहको छ भने नेपालको परम्परा पनि पुरानो भइसकेको छ । लोकतान्त्रिक गणतन्त्र कालमा शिक्षित नेपाली स्त्रीहरू तीव्र रूपमा धर्म भीरु बनेको देखिन्छ । यसले नागरिकहरू कर्मतर्फ भन्दा बढी धर्मतर्फ आकृष्ट भई उत्पादनमा ह्रास आएको परिस्थिति छ । यस कारण श्रमप्रति उदासिनता र अध्यात्मप्रति आकर्षण देखिएकाले धार्मिक ग्रन्थहरूको आलोचनात्मक अध्ययन नहुनु समस्या रहेको देखिन्छ ।

## उद्देश्य र प्रयोजन

प्रस्तुत लेखको उद्देश्य रामायणको पात्रहरूका आलोचनात्मक विश्लेषण गर्नु रहेको छ । यस लेखको अध्ययनबाट नेपालका शिक्षित नारीहरूमा धार्मिक ग्रन्थहरूलाई वैज्ञानिक दृष्टिबाट अध्ययन गरी समाजको वस्तुगत जीवन दृष्टि परिवर्तन गर्न योगदान पुगोस् भन्ने उद्देश्य रहेको छ । । प्रस्तुत लेखले रामायणका पात्रहरूका प्रवृत्तिको मूल्याङ्कन वाल्मीकि रामायणका आधारमा गरिएको छ । यस अध्ययनले समाज र राष्ट्रको भौतिक तथा मानसिक समृद्धि र आनन्द श्रमसिद्धि उपलब्धि हुन् अनुभूत गराउन सहयोग पुर्याउछ ।

## विधि

प्रस्तुत लेखका लागि वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ । यस अध्ययनका प्राथमिक स्रोत भानुभक्त कृत रामायण र वाल्मीकि कृत रामायण हुन् । रामायणका सन्दर्भमा प्रकाशित विभिन्न विद्वानहरूका लेखहरूलाई द्वितीयक सामाग्रीका रूपमा प्रयोग गरिएको छ । यो अध्ययन मूलतः गुणात्मक विधिमा वर्णनात्मक शैलीमा तयार पारिएको छ ।

## रामायणको विभिन्न कोणबाट विश्लेषण

### राम कथाको स्रोत

रामायण शब्दको व्युत्पत्तिमा राम+आयण रूपहरू रहेका छन् । `आयण' को अर्थ यात्रा हुन्छ र रामायण शब्दको अर्थ `रामको जीवनको यात्रा' बोध हुन्छ । रामायणको मूल कथाको स्रोत राम कथा हो । यस कथाको अस्तित्व वैदिक कालदेखि नै रहेको छ । वेद, ब्रह्मण, पुराण र उपनिषद् ग्रन्थहरूमा राम कथा पाइन्छ । वाल्मीकिले प्रचलित लोककथाहरूका आधारमा रामायणको रचना गरेका हुन् (व्यास, १९८७, पृ. २) । याकोवीका अनुसार राम कथाका अयोध्या सम्बन्धी घटना ऐतिहासिक हुन् । दण्डकारण्य र रावण सम्बन्धी विवरण वेदमा वर्णित देवताको कथाबाट लिइएको हो । कामिल बुत्केका अनुसार राम, रावण र हनुमानका स्वतन्त्र आख्यान प्रचलित थिए । वेबरका अनुसार राम कथाको मूल स्रोत बौद्ध जातक कथामा सुरक्षित पाइन्छ । दिनेश चन्द्र सेनका अनुसार राम कथाको मूल स्रोत दशरथ जातक कथा भारतको उत्तरमा र दोस्रो रावणसम्बन्धी आख्यान भारतको दक्षिणमा प्रचलित थियो (बुल्के, १९५०, पृ.११५) । वाल्मीकीले भारतको उत्तर र दक्षिणमा प्रचलित फरक फरक आख्यानलाई संयोजन गरी राम कथा बुनिएको हो र वाल्मीकिले बौद्ध भिक्षुपनको प्रतिक्रिया स्वरूप गृहस्थ जीवनको आदर्श स्थापित गर्ने उद्देश्यले रामायण लेखेका हुन् भनेका छन् । जेटी व्हिलरले राम कथालाई बाह्य तथा बौद्ध धर्मको सङ्घर्षको प्रतीक मानेका छन् । यी आख्यानहरूलाई वाल्मीकिले संयोजन गरेर रामायणका कथा बुनेका हुन् । तत्कालीन समयमा चारम, सूत र कुशीलव जस्ता गायकद्वारा गाथा / गीतका रूपमा राम कथा गाउने चलन थियो (शर्मा, २०५७, पृ. ५८) । यो कथा महाभारत, हरिवंश पुराण र बौद्ध जातक कथामा अस्तित्वमा पाइएको छ ।

**रामायणका कथावस्तु**

रामायण भाषा, भाव, छन्द, रचना विधान र रस व्यन्जनाका दृष्टिबाट उत्कृष्ट कृति हो । यसमा मानव जातिको भक्ति, ज्ञान र मैंत्रीभावना व्यक्तिएको पाइन्छ । यसमा बाबु-छोरा, दाजुभाइ, पति-पत्नीका जुन नाता सम्बन्ध रहनुपर्छ जुन प्रेम र स्नेह तथा आत्मीय सम्बन्ध भावको अपेक्षित रहन्छ त्यो प्राप्त हुन्छ (शर्मा, २०५७, पृ. ५८) । रामायणको कथावस्तुलाई सरल संरचनामा प्रस्तुत गर्न सकिन्छ । अयोध्यामा दशरथ नामका प्रतापी राजा थिए । उनका तिनोटी पत्नीहरू थिए । उनका प्रिय पत्नी कैकेयीको वशमा परी राजाले जेठो छोरा रामचन्द्रलाई वनवास पठाए । वनवासका बेला लङ्काका राजा रावणले रामचन्द्रकी पत्नी सीतालाई अपहरण गरे । उनले रावणलाई पराजित गरी सीता फिर्ता लिए । अन्त्यमा रामचन्द्रले अयोध्यामा कुशल शासन गरे ।

यस सरल संरचनामा बुनिएको रामायणको कथामा तत्कालीन समाजको गहिरो विषाद र वेदना व्यक्त भएको पाइन्छ । रामायणका कथाका पात्रहरूको कारूणिक अवस्थाको चित्रण गरिएको छ । यस कारूणिक स्थितिबाट सिर्जित वेदना र विषादको शिक्षाबाट तिमीहरू कदाचित नजल भन्ने सन्देश दिइएको पाइन्छ ।

**रामायणको परिवेश**

रामायणको परिवेश पितृसत्ता उत्कर्षमा रहेको समय हो । ईपू दोस्रो र पहिलो शताब्दीतिर रामायण लेखिएको मानिएकाले तत्कालीन समयभन्दा अगाडिको परिवेश अनुमान गर्न सकिन्छ (लोहनी, २०७४, पृ. ५८) । रामायणमा वर्णित राज्यहरू अयोध्या, किष्किन्धा र लङ्का हुन् । यी तिन राज्यहरूबाट फरक-फरक घटना र विशेषता पाइन्छ ।

भारतीय पुरातत्वविद एच.डी साकलियाका अनुसार वनवासमा रामको यात्रा र बसाई बिन्ध्या पर्वतको उत्तरमा सीमित थियो । रामले गोदावारी नदी नाघेनन् । राम र रावणको युद्धभूमि दण्डकारण्य हो ।

यस भूमिभित्र नागपुर, पूर्वीय मध्यप्रदेश, पश्चिम उडिसा, पश्चिम बङ्गाल र दक्षिण विहारका पर्दछन् । वाल्मीकिले उल्लेख गरेका रामायणमा वर्णित ऋष्यमुक, पञ्चवटी, पम्फाभील, किपि, कन्धा र लङ्का आदि भूमिहरू सबै यही क्षेत्रमा अन्तगर्भित गरिएका हुन् । रामायणमा वर्णित खलनायक रावण नागपुर र पश्चिम उडिसा क्षेत्रका तत्कालीन समयका गोण्ड आदिवासी समुदायका सर्दार भनी उल्लेख गरेका छन् (दीक्षित, २०६४, पृ.८३) । जुन गोण्ड आदिवासी वर्तमानमा पनि अस्तित्वमा छन् ।

**रामायणका चरित्रका मनोरचना**

रामायणका पात्रहरूको मनोरचना बाह्य रूपमा शान्त, धीर, सौम्य र विनयशील देखिए पनि अन्तःमा अशान्त, अधैर्य र विद्रोही छन् । मान्छेमा निहित स्वभाविक प्रवृत्तिहरू प्रकट भएको पाइन्छ । यी प्रवृत्ति कठिन अनुशासनका बिच पनि निष्क्रिय भएका छैनन् । त्यो स्वतः स्फूर्त चञ्चल र गतिशील देखिन्छ ।

रामायणका पात्रहरू दशरथ, जनक, राम, सीता, लक्ष्मण, भरत, शत्रुधन, कैकेयी, कौशल्या, सुमित्रा, कुम्भकर्ण, विभिषण, शुपर्णखा, मन्दोदरी, बाली, सुग्रीव, हनुमान, रान्तक, अहिरावण, इन्द्रजित, अङ्गद, पुष्कल, वीरमणि, सुरशा, विश्वामित्र, वशिष्ठ, वाल्मिकी, नारद, दधिबल, भारद्वाज, पुलस्त्य, बिश्रवा, कैकयी, सुमाली, लवकुश, जटायु, शुक, दम्पाती र सम्पाती आदि हुन् ।

रामायणमा अहल्या तिरष्कृत, उपेक्षित र गाउँ बहिष्कृत नारी पात्र थिइन् । कौशल्या राजा दशरथबाट सधैँ तिरस्कृत र अपमानित थिई । कैकेयीका नोकर्नीभन्दा तल्लो दर्जाकी थिइन् (दीक्षित, २०६४, पृ. ६४) । यहाँ तारका, सुपर्णखा र मन्दोदरी, विभीषणको पत्नी सरला र रावणका सुसारेहरू सबै उपेक्षित छन् । यस कृतिमा माण्डवी, उर्मिला, श्रृतिकीर्ति र सुमित्रा गौण पात्र हुन् । उनीहरूको भूमिका केही देखिँदैन । लक्ष्मणलाई सीता र रामले उर्मिलाका बारेमा कहिल्यै सोधेका छैनन् । यसकारण रामायणमा सामाजिक विषमता चरम स्थितिमा देखिन्छ ।

वाल्मीकि रामायणमा शक्तिशाली, विरङ्गना, विदुषी नारी पात्र बत्ती बालेर खोज्नुपर्ने हुन्छ सुमन्त्रले कैकेयीको राज्य लिप्सा एवं पति द्रोह गरेकोमा विद्रोह गरेका थिए (व्यास, १९८७, पृ. २९) । त्यस समयमा राम वनवास जाँदा अयोध्यामा विरोध स्वरूप हड्ताल भएको थियो ।

पत्नी मन्दोदरी, बाली पत्नी तारा बुद्धिमती छन् तर पतिका अगाडि मूर्तिवत् छन् । उनीहरू न्यायसङ्गत र युक्तिसङ्गत समस्या पर्गेल्नका लागि पतिलाई सल्लाह दिन सक्दैनन् त्यसैले उनीहरू निरीह छन् । कैकेयी सौतेनी डाहमा जलेकी छिन् । उनी दशरथलाई उचित सल्लाह दिनुका सट्टा मन्थरा नामकी नोकर्नीबाट प्रभावित भएर सत्ता भोगका निमित राज्यलाई सङ्कटतर्फ धकेल्न अघि सर्छिन् ।

सुमन्त्रले कैकेयीको राज्य लिप्सा एवं पति द्रोह गरेकोमा विद्रोह गरेका थिए (व्यास, १९८७, पृ. २९) । त्यस समयमा राम वनवास जाँदा अयोध्यामा विरोध स्वरूप हड्ताल भएको थियो ।

***राम***

रामायणका रावणको चरित्रमा उदात्तता, धर्मानुकुल आचरण, दीनदुःखीहरूको संरक्षण, विपत्तिद्वारा आहत, मानव जातिको उद्घाटन र परहितकारी प्रवृत्ति पाइएका छन् (व्यास, १९८७, पृ. ६६) । रामलाई गुणवान, वीर्यवान, धर्मज्ञ, कृतज्ञ, सत्यवादी, दृढव्रत, चरित्रवान् र सदाचार युक्त मनुष्यको आरोप गरिएको छ । उनको व्यक्तित्वलाई सबै प्राणीका हितकारक, विद्वान्, सामर्थ्यवान् र प्रियदर्शन योग्य मानिन्छ । रामको व्यवहारमा यसको वैपरित्य मानसिक विचलन र व्यवहारमा अदूरदर्शिता रहेको पाइन्छ । जीवन सङ्गिनी सीतालाई आत्महत्या गर्न बाध्य पारिनु, आफू पनि सर्यु नदीमा विलय हुनु, छोराहरू वाल्मीकि ऋषिको कुटीमा जन्मिनु र पितृ स्नेहबाट वञ्चित हुनु आदिले आदर्शवादले शान्त र समृद्ध र खुसी जीवन प्राप्ति हुँदैन । यस कथामा पारिवारिक विग्रह, विद्रुपता र चरम अशान्त पाइएको छ । यसले सामन्त वर्गको सत्तालाई स्थापित गराउन मात्र मद्दत पुग्दछ ।

रावणको वधपछि रामले अश्वमेध यज्ञ गर्ने निश्चय गरी हीरा, मोती र सुनको पत्र जडित श्यामकर्ण घोडालाई घुम्न पठाउँदा पाञ्चाल देशमा सुबाहु, पुत्र, दमन, विद्युमती, रामभक्त, वीरमणि, सुमाङ्गद, सुरथ र राम पुत्र लव कुशले पक्री अवरोध पुर्याएका थिए । रामका विचारमा उनको वनवास कैकेयीको कुचक्र या पिताको दुर्बलता नभएर भाग्यको विषम लिला थियो (व्यास, १९८७, पृ. ३७) । अग्नि परीक्षामा चोखी ठहरिएको सीतालाई त्याग्नू, बालीलाई लुकेर छलद्वारा मार्नू र बिना दोष शुर्पणखाको नाक काट्नू उनको आर्दशको कहिल्यै नमेटिने कलङ्कको टीको हुन् (ज्ञावली, २०२६, पृ. १६२) । बाली हत्या धार्मिक दृष्टिकोणमा अशोभनीय रहेको छ । युद्धभूमिमा निदाएका व्यक्ति, युद्ध विमुख, नाङ्गा अस्त्रविहीन सिपाही, लडाइँको रमिता हेर्न आएकालाई कहिल्यै वध गर्नु हुँदैन । स्वास्नी प्राप्तिका लागि अन्धो भई एक बाली हत्यामा साह्रै चुकेका छन् (ज्ञावली, २०२६, पृ. १६५) ।

नारीको उदात्त चरित्र, नैतिक आदर्श, शिक्षण योग्यता, सामाजिक सहयोगका दृष्टिले उपनिषद युगमा आफ्नो पूर्ववर्ती संहिता युगभन्दा टाढा थिएन । सामाजिक तथा धार्मिक महत्वका उत्सवहरूका नारीहरू स्वतन्त्रतापूर्वक भाग लिन सक्थे । यज्ञहरूमा पत्नी पतिका साथ अनिवार्य रूपले भाग लिन्थे । स्त्रीलाई स्पष्टतः यज्ञको अधिकारिणी मानिएको छ । अपत्निक व्यक्ति यज्ञको लागि अनुपयुक्त ठहरिन्थ्यो । रामायणमा रामलाई सीताको अनुपस्थितिमा यज्ञ गर्न नसक्ने देखाइएको छ । तसर्थ यज्ञ सम्पादन गर्नका लागि रामले सीताको स्वर्ण प्रतिमाको निर्माण गरेका छन् (गौतम, २०५४, पृ. ६१) ।

राममा इर्ष्या, दम्भ र अहङ्कार पाइन्छ । ऋषि मुनिहरूको शत्रु मानिएका राक्षसहरू (आदिकाकालदेखि बस्दै आएका स्थानीय वा रैथाने जातिहरू जसलाई राक्षस भनिएको छ) लाई विना वैरभाव हत्या गरिएकाले सनकी पनि देखिन्छ । रामले वनवासको समयमा हत्या गरेका कथित राक्षसीहरू दण्डकारण्यमा विराध, पञ्चवटीमा शम्भुकुमार, किष्किन्धामा वाली र लङ्काका रावण हुन् । रामका

वनवासको १० वर्ष बितेपछि अगतस्य मुनिका सल्लाह बमोजिम पञ्चवटीमा बस्न थालेपछि सङ्कट सुरू भएको देखिन्छ (दीक्षित, २०६४, पृ. ८४) ।

*सीता*

सम्भवतः द्रोपदी कुरूपाञ्चालभन्दा कैयौँ शताब्दी पहिलेकी स्मृति थिइन् । जसलाई व्यासले कुरूपाञ्चालसित जोडेर पूर्ण व्यक्तित्व दिइन् (दीक्षित, २०६४, पृ. १२४) । सम्भवतः सीता पनि निकै पहिलेकी नारी चरित्रको आधारमा वाल्मीकिले रामकी राजमहर्षीको रूपमा पूननिर्माण गरे (दीक्षित, २०६४, १२५) । रामायणका अनुसार सीताले तिन पटक आत्महत्या गर्ने विचार व्यक्त गरेकी छिन् । त्यस समय उनको मनोदशा आन्तरिक कारणले बढी उद्विग्न पूर्ण हुन पुगेको देखिएको छ (दीक्षित, २०६४, पृ. १२४) । सीतामा बराबर विचार उत्पन्न गराएर वाल्मीकिले आफ्नो समयको वर्धमान राजतन्त्रको पृष्टि गर्न खोजेको मानिन्छ । सीता पतिव्रता नारी सहधर्मिणी र मायालु पत्नी, अनुगामिनी, साहसी स्त्री देखिन्छिन् (दीक्षित, २०६४, पृ. ६४) ।

दशरथका परिवार तिनकी रानीहरू बिच गृह कलहको भरिएको थियो । अयोध्याको राजदरबारमा युवराज पदमा अभिषेक हुने निर्णयपछि पिताको आदेशमा रामले वनवास जानु पर्ने निर्णय भयो । यसपछि रामले सीताले चाहिँ चौध वर्ष दरबारमै बस्नुपर्ने सुनाए । यो सुनेपछि सीता क्रोधित भई शरीरले मात्र पुरूष नत्र त व्यवहारमा नारी जस्ती हुनुहुन्छ । राममा सूर्य जस्तो ताप छ तर तेज र पराक्रम छैन भनी अज्ञानता वश मानिसहरूले भन्न् थाले भने मलाई कति पीडा हुन्छ (दीक्षित, २०६४, पृ. ६६) । अझ कठिन शब्दमा स्वास्नीका कमाइबाट जिउनेहरूले झैँ मलाई अन्य कसैका हातमा सुम्पन चाहनुहुन्छ र उसका अनुकूल हिड्नु भन्नुहुन्छ त्यस्ताको वरावती र आज्ञापालक भएर तपाइँ नै बस्नुहोस् म त बस्दिन भन्छिन् (दीक्षित, २०६४, पृ. ६८) ।

सीताका अनुसार संसारमा असत्य भाषण, परनारी गमन र बिना वैर क्रुरता आदि कामजन्य तिन गम्भीर व्यसन छन् (दीक्षित, २०६४, पृ. ८०) । सीताकै अनुसार राम पहिलो र दोस्रोबाट विमुक्त छन् तर तेस्रो व्यसनमा लिप्त देखाइएको पाइन्छ । यही कारण वस्तुतः रामराज्य निर्माण भएको देखिँदैन ।

सीतामा दूरदर्शिता, व्यवहार पटुता, भातृत्व र सद्भावको चरित्र पाइन्छ । रामले राक्षस वधको प्रतिज्ञा गरेका छन् तर ती राक्षसहरूसँग रामको कुनै वैरभाव भएको, तिनले रामलाई हानी पुर्याएको देखिँदैन । राक्षसप्रति बिना कारण शत्रुता लिन थालेका सीताको जिज्ञासा रहेको छ । भारध्वजदेखि सुतीक्ष्णको आश्रमसम्ममा रामले मुनीहरूलाई राक्षस विनास निम्ति वचन दिइसकेका थिए । यसबाट सीताले भावी जीवनमा भयङ्कर दुष्परिणाम आउन सक्ने अनुमान गरेकी देखिन्छ । शत्रुताबिना दण्डकारण्य वासी राक्षसहरूको वध गर्ने विचार गर्नु हुँदैन । अपराध नगरेकाको हत्या गर्नुलाई कसैले पनि असल काम भन्ने छैनन् । सीतामा व्यावहारिक परिपक्वता प्रखर देखिन्छ । रामसँग विश्वासिलो तर्क नभएकाले राक्षस वध निम्ति मुनि समुदायलाई वचन दिएकाले आफ्नो वचन सुदृढ रहने ओठे जवाफ दिन्छन् । यतिबेला राममा निकै नैतिक दुर्बलता देखिएको छ ।

सीता व्यवहारमा नै दानशीलता, क्षमाशीलताका प्रतीक हुन् । हनुमानले सीतालाई लङ्कामा तपाइँलाई गालीगलौज गर्ने, डर, त्रास देखाउने, अपमान गर्ने राक्षसीहरूलाई म तत्काल प्राण हरण गरिदिन्छु भनी तिनीहरूका हत्या गर्ने आदेश माग्दा सीता तिनीहरू रावणका आज्ञाकारी दासहरू मात्र हुन् । त्यस्ता सित किन बदला लिनु भन्छिन् र मैले भोगेका सारा दुःख मेरै कर्मले गर्दा दैवी ईच्छावश भएको हो भन्छिन् । यसैगरी जो हिंसामा रमाउँछ र सधैँ पाप कर्म गरिरहन्छ त्यस्ताहरूप्रति समेत अमङ्गलकारी विचार गर्नु हुँदैन, प्राणीमाथि दया र मङ्गलकारी व्यावहार गर्नुपर्छ भन्छिन् । यस धर्तीमा जन्मेर रामसँग क्षणिक सुखमय तर अतिशय कष्टदायी र दुःखी जीवन विताएकी थिइन् । सीता उत्कर्ष नारी तर सधैँ उपेक्षिता, निर्वासित, अपहृता, परित्यक्ता र आत्मविस्मृतिकारी रहेकी छिन् । अपमान र घृणाले

थिलथिलिएकी सीताले सन्तोषको श्वास फेरेकी पाइँदैन । जीवनमा सुखको तृष्णा अतृप्त रहँदै भावी सुखको कामना पूरा नहुँदै आत्महत्या गर्न विवश बनेकी छिन् ।

*रावण*

रावणलाई अर्काकी पत्नी र इन्द्रको सुखादि हरण गर्ने, भोगी चरित्रका धनी, निन्दा र भत्सर्नाले गलत प्रमाणित गर्न खोजिएको छ । रावणमा राममा भन्दा वैचारिक सु-स्पष्टता, वैभव, भौतिक उन्नतिमा उच्च स्तरको पाइन्छ । बहिनीको अपमान, भाइ र छोराहरूको निरन्तर हत्याका बदला लिन रावणले सीताको हरण गरेको देखिन्छ र लङ्कामा सीतालाई गरेको सम्मानले उच्च मानवीयता, स्त्री सम्मानको उत्कृष्ट चरित्र देखिन्छ । रावणकी बहिनी शुर्पणखाले पहिला भरतसँग दोस्रो पटक रामसँग विवाहको प्रस्ताव राखिन् । यही प्रस्तावमा रामको आदेशमा उनीको नाक लक्ष्मणले काटी दिनु आदर्श भित्र नपर्ने कार्य हो । यो लैङ्गिक विभेदको उत्कर्ष विम्व पनि हो । रावण पुत्र मेघनाथले इन्द्रलाई पराजित गरेको हुँदा इन्द्रजीत भनिएको छ । इन्द्रजीतको लक्ष्मणबाट वध भएपछि इन्द्रजीत पत्नी सुलोचनाले सती जाने इच्छा व्यक्त गर्दा रामले उक्त कार्यलाई पतिव्रता नारीको उपमा दिँदै स्याबासी दिएको उल्लेख छ । यस सन्दर्भमा रावणले बुहारीको यस निर्णयलाई लाचारी भन्दै सती जाँदा स्वर्गमा बास पाइने बकबास र मूर्खता भनेका छन् । यस दृष्टिमा रावण रामभन्दा प्रगतिशील देखिन्छन् ।

रामायणमा रावण, कुम्भकर्ण र विभीषण तिन भाइमा बीचका स्वभाव, आचरण, आपसी सम्बन्धमा द्वन्द्व, स्वार्थ र भाइचाराको उतार चढाउका श्रृङ्खला निकै उत्कर्षमा देखिन्छ । यसले रावणलाई निकै कमजोर बनाएको छ । उनको युद्ध परावय र मृत्युको कारण यही बनेको छ ।

**रामायणमा आदर्शवादको स्थापना**

आदर्शवादी साहित्यले जीवनको आन्तरिक पक्षको व्याख्या साथै जीवनको आन्तरिक परितोष, आनन्द र आल्हादको पूर्ण अभिव्यक्तिमा जोड दिन्छन् । यस कृतिमा वाल्मीकिले रामका चरित्रबाट आन्तरिक सुख र आनन्द प्रकट गर्ने उद्देश्य राखेका छन् ।

रामायणबाट मूलतः लौकिक संसारका मानिसहरूलाई आदर्शवादबाट कर्तव्य, आज्ञाकारिता, भातृत्व, मिलनसारिता र सद्भावका पाठ सिकाउन प्रयत्न गरिएको छ । जुन व्यक्तिको रूप, गुण, चरित्र र विचार अनुकरणीय हुन्छ त्यो आदर्श हो र यसलाई पूर्ण उत्तम ठानेर त्यसैको प्राप्तिको लागि उत्प्रेरित गराउने सिद्धान्तलाई आदर्शवाद भनिन्छ । यसले समाज यस्तो हुनसक्छ वा यस्तो हुनुपर्छको अपेक्षा राख्दछ । आदर्शवाद शब्दको प्रयोग नैतिक आदर्शवाद तथा त्यसको अनुयायीको अर्थमा भएको भेटिन्छ । त्यसैले आदर्शवादी भन्नाले उच्च नैतिक, आध्यात्मिक एवम् सौन्दर्यपरक प्रतिमानलाई अङ्गालेर आफू तथा समाजलाई आफू अनुसार ढाल्ने प्रयत्न गर्ने व्यक्ति भन्ने बुझिन्छ । वाल्मीकि रामायणमा असत माथि सत चिन्तनको विजय घोषणा गरी रामलाई आदर्शवादी र रामायणलाई पूर्वीय आदर्शवादी दर्शनको उत्कृष्ट कृति बनाइएको छ ।

रामलाई आदर्श चरित्र निर्माण गर्न अनगिन्ती कथाहरू बुनिएका छन् । यस काव्य कृतिमा कथाभित्र कथाको सञ्जाल रहेको छ । ती सबै कथाहरू रामचन्द्रको आदर्श प्रकाश पार्न बुनिएका हुन् र रामचन्द्र बाहेकका सबै पात्रहरूलाई नैतिक रूपमा कमजोर बनाइएका छन् । राजा दशरथ, कैकयी, सुमित्रा, भरत, सीता, सुग्रीव, बाली, रावण, विभीषण, कुम्भकर्ण र तारा सबै पात्रहरूलाई कहीँ चरित्रले, कहीँ व्यवहारले र कहीँ दृष्टिकोणले कमजोर बनाइएका छन् । लक्ष्मण पनि चरित्रले कमजोर नै देखिन्छन् । नैतिक अर्थात यौन चास्नीको जलनले सीता त धपधप जलेकी छिन् । उनलाई परपुरूष समागमको आरोप पहिला रामले र दोस्रो पटक धोबीले लगाएका छन् ।

रामायणमा रामचन्द्रलाई धर्मको प्रतीक निर्माण गर्न धर्म छाडेर कुमार्गमा लागी परधन, परस्त्री, परपुरूष र वैषयिक दुर्व्यसनको कब्जामा परेर दुनियाँलाई पीडा दिने परपीडकहरूलाई सङ्कट अवश्यमेव आउँछ । त्यति बेला आफ्नै सहोदर दाजुभाइ पनि आफ्ना पक्षमा हुँदैनन् भन्ने दृष्टान्त दिइएको छ (गौतम, २०३६, पृ. १६) । लोकले आज पर्यन्त घर भँडुवाको प्रतीक विभीषण र आलस्यको प्रतीक कुम्भकर्णलाई मानेको छ । दशरथ आफ्नो प्रतिज्ञा पूरा गर्न धर्म ठानी विषाद पूर्ण निर्णय गर्ने स्त्रीलम्पट भनिएकै छन् । दशरथले रामलाई वनवास पठाएपछि आफू बाँच्दिन भन्ने ज्ञान हुदाँहुँदै वनवास पठाएर सात दिनभित्र मृत्युवरण गरेका छन् (ज्ञावली, २०२६, पृ. १६) । रामको स्पष्ट पहिचान मर्यादा पुरुषोत्तम हो । रामायणका आदर्श पितृ आज्ञा, पतिव्रता, स्वामी भक्ति, भातृ-प्रेम र प्रजा प्रेमलाई मानिन्छन् (लोहनी, २०७४. पृ. ५८) । यहीकारण राम आदर्श पुत्र, आदर्श दाजु, आदर्श पति र कुशल राजाका रूपमा स्थापित छन् ।

आदर्श समाज र परिवारको निर्माण गर्न नारीलाई सहयोग, सम्मान र आदर गर्नुपर्छ । कुनै पनि घर र राष्ट्रमा कलहको बिजारोपण भएको छ भने नारीप्रति अवहेलना, तिरस्कार र सदभावहिनता रहेको हुन्छ । कैकेयी र सीताका कारणले रामायणका विविध घटना निर्माण भएको छ ।

**रामायण कालका समाजको मनोदशा**

रामको चौध वर्षको वनबासप्रति भरत र लक्ष्मणले विरोध जनाएका थिए । लक्ष्मणले त क्रोधित बनी पितालाई बाँधी निर्णय सच्याउन भनेका थिए । तर रामले उक्त निर्णय शिरोपर गरी भाइ र पत्नीसहित बनवास गएका थिए । दशरथले छोरा रामलाई बनवास पठाएकाले रानी कैकेयीको सामुन्ने लुते बनेको र गलत निर्णय लिएकोमा कौशल्याको कटुवचन र कटाक्षले दशरथको मृत्यु भएको थियो ।

रामायण कालका स्त्रीहरू पतिको मृत्यु भएमा देवरसँग विवाह गर्न सक्ने, स्वतन्त्र रहन नहुने र यौन शुद्ध रहनु पनि पर्ने देखिन्छ । यही यौन शुद्धताकै कारण सीता रामबाट परित्यक्ता बनिन् । यसरी नै सुग्रीवकी पत्नी रूमा, बालीकी पत्नी तारा, रावणकी पत्नी मन्दोदरी र बहिनी शुर्पणखा यौन शुद्धताको

डाहमा जलेका छन् । आदर्श पत्नी कहलिएकी सीताले त धर्तीमा विलय भएकी देखाइएको छ । यसको अर्थ उनले आत्महत्या गरेकी हुन् भन्ने अनुमान गर्न सकिन्छ । रामायणमा दशरथ, लक्ष्मण, सुग्रीव, बाली, विभीषण र रावण सबैलाई यौन नैतिकताबाट कमजोर बनाइएको छ । रामायणमा दशरथका तिन जना पत्नी, तिन सय रखौटी थिए । रावण र वानर राजहरूको पत्नी सङ्ख्या पनि कम्ती थिएन । एक पत्नीव्रताका अनुयायी विभीषणले पनि भाउजू मन्दोदरीलाई विवाह गरेका थिए । लक्ष्मणलाई सीताले आफूप्रति आशक्त भएको आरोप लगाएकी छिन् । बालीले भाइबुहारी रूमासँग यौनाचार गरेको, सुग्रीवले भाउजू तारालाई बालीको मृत्युपछि पत्नी बनाएको चर्चा गरिएको छ । यी सब परिघटना रामलाई यौन नैतिकताको प्रतीक बनाउनु रहेको देखिन्छ । रामलाई यतिसम्म मानवीयताविहीन देखाइएको छ कि सीता अग्नि परीक्षा उतीर्ण थिई, उनी गर्भिणी थिइन्, रावणको दरबार स्वेच्छाले पुगेकी थिइनन् तर रामले यौन नैतिकता देखाउन सीतालाई आत्महत्या गर्न बाध्यात्मक स्थितिमा पुर्याएका छन् । यी सम्पूर्ण चरित्र चित्रण आदर्शको स्थापनाका लागि घटित घटनाहरू हुन् । रामायणमा सम्पूर्ण पात्रहरूको चित्रणबाट तत्कालीन मानवीय वेदना र विषादलाई कलात्मक प्रस्तुत गरिएको छ ।

रामायण मूलरूपमा यौन नैतिकताको चास्नीमा सिर्जना गरिएको सुन्दर काव्य हो । यस काव्यका जुनसुकै पात्रहरू यौन नैतिकताका कसीमा कि त कलङ्कित छन् कि सशङ्कित छन् । यही यौन नैतिकतालाई स्थापित गर्न तत्कालीन मुर्धन्य स्त्री र पुरूषहरूको मानवताधिकार र स्वतन्त्रतालाई बली चढाइएको पाइन्छ । वर्तमानमा पनि यही नैतिकताको प्रचार गरी समकालीन प्रतिष्पर्धीहरूको राजनैतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व र प्राज्ञिक व्यक्तित्वको हत्या गरिन्छ र आदर्शको आलेपनमा सामन्तवादी चिन्तन स्थापना गर्ने प्रयास गरिन्छ ।

## निष्कर्ष

आदर्शवादको अन्तिम निष्कर्ष भाग्यवादमा टुङ्गिन्छ । राम र सीता दुबै आफूले भोगेका दुःख, हैरानी र पीडा आफ्नै कर्मको फल ठान्छन् । कथानक आदर्श राज्य अयोध्याको स्थापनामा टुङ्गिए पनि रामायणका नायक र नायिकाका जीवनचर्या चाहिँ दुःखान्तक बनेको पाइन्छ । कठिन वनवासपछि आदर्श राज्य अयोध्यामा सम्मान र शान्तिपूर्ण जीवन राम र सीताका रहेन । आदर्शवादका बाँकी जिम्मेवारी पूरा गर्न सीता पुनः वनवास नै लाग्छिन् र देह समाप्त गर्छिन् भने राम पनि सर्यु नदीमा विलय हुन पुग्छन् । यो जीवनको अन्तिम क्षणको दुःखान्त अन्त्य हो ।

रामायणका पात्रहरूको वेदना र विषादको भोगाइबाट वर्तमानका प्रविधि समृद्ध नेपालीहरूलाई आत्मिक शान्ति र कर्तव्य परायणताको शिक्षा प्रदान गरेको पाइन्छ । रामायणको मूल शिक्षा राज्य साम, दाम, दण्ड र भेदका नीतिले सञ्चालन हुन्छ । त्यहाँ राज्यभन्दा श्रेष्ठ कुनै वस्तु रहेको छैन । वंश, ऐश र ऐश्वर्य राज्यको अगाडि तृण झैँ हुन्छ भनी वर्णन गरिएको पाइन्छ तथापि मानव सभ्यता, समृद्धि र शान्तिका दृष्टिले राज्य शक्तिबाट प्राप्त सुख क्षणिक, नाशक र विभ्रम मात्र हो । यसका विषादको चरम स्थिति रहेको छ भन्ने सन्देश पनि पाइन्छ । यसका पात्रहरूको वेदना र विषादको भोगाइबाट वर्तमानका नेपाली समाजको विकासोन्मुख सामाजिक सांस्कृतिक आचरण र शासकीय पद्धति अन्ध राष्ट्रवादतर्फ उन्मुख भएको स्थितिमा यस प्रति आलोचनात्मक दृष्टि रहनुपर्छ भन्ने निष्कर्ष रहेको छ ।

सीता बाह्य रूपमा ममतामयी, विदुषी र धैर्यशील देखिए पनि अन्तः मानषमा सारै चिडचिडाहट, वेचैनी र विद्रोहिनी देखिएकी छिन् । उनमा विद्रोहिताको लप्का प्रज्वलित रहे पनि व्यावहारपटुता, दूरदर्शिता र क्षमाशीलता उही तहमा पाइन्छ । यी विशेषताहरूलाई रामको आदर्शको ढोंगले भष्मीभूत बनाएको छ ।

## सन्दर्भग्रन्थ सूची

गौतम, कुलचन्द्र. (विसं २०२६). *रामायण माहात्मय.* भानुभक्त स्मारक ग्रन्थ. दार्जिलिङ : साहित्य सम्मेलन ।

गौतम, लक्ष्मी. (२०५४). सम्पा. ज्ञानमणि नेपाल. वैदिक कालमा नारीहरूको सामाजिक मर्यादा, पूर्णाङ्क ८४, वर्ष २० ।

जिसी, रामबहादुर. *रामायणको सार यस्तो रहेछ (विचार).* तगल्सीपु खबर पत्रिका, २०८१/०२ १६ ।

जोशी, कुमार बहादुर. (२०५५). सम्पा. ईश्वर बराल. नेपाली साहित्य कोश. काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ज्ञावली, सूर्यविक्रम, तुलसीबहादुर, क्षेत्री र जगत क्षेत्री. (विसं २०२६). *भानुभक्त स्मारक ग्रन्थ.* दार्जिलिङ, नेपाली साहित्य सम्मेलन ।

पिटर, नरेन्द्रजङ्ग. (सन २०१६). *यो पनि रामायणकै कथा हो.* स्वीकार पोस्ट. अनलाइन खबर. डिसेम्बर २५, २०२३ ।

प्रधान, कृष्णचन्द्र सिंह. (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* साझा प्रकाशन ।

फ्रोलोव, आइ.टि. (सन् १९८८). *दर्शन कोश.* प्रगति प्रकाशन ।

बराल, ईश्वर, कृष्णचन्द्रसिंह प्रधान, श्रीधर लोहनी, जगदीश चन्द्र रेग्मी, जनकलाल शर्मा, कुमारबहादुर जोशी, माधव पोखरेल. (२०५५). *नेपाली साहित्य कोश.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बुल्के, कामिल (१९५०). *राम कथा : उत्पति अउर विकास.* हिन्दी प्रकाशन प्रयोग विश्वविद्यालय ।

राणा, अर्जुन शमशेर जङ्गबहादुर. (विसं २०२६). *हाम्रा भानुभक्त.* नेपाली साहित्य सम्मेलन ।

लोहनी, राम. (२०७४). *रामायण : केही टिप्पणी.* नागरिक परिवार. चैत्र. २०७४ ।

व्यास, शान्ति कुमार नानुराम . (सन् १९८७). *रामायणकालीन संस्कृति.* सस्ता साहित्य प्रकाशन मण्डल ।

शर्मा, गोपीकृष्ण. (२०५६). *संस्कृत साहित्यको रूपरेखा.* अभिनत प्रकाशन ।